जहाँ छ मेरो जन्मभूमि त्यहाँ शान्त शीतल जलमग्नमा छन् भक्तवत्सल महेश्वर । म जन्मिए हुर्किएँ यस्तो पावन पुण्यभूमिमा नाम हो यसको जलेश्वर ।।-कवि पवेन्द्र मानश्रेष्ठ

समाज, विकास, लोकतन्त्र र विधिको शासन प्रति समर्पित राष्ट्रिय दैनिक

सबै क्षेत्रको प्रवर्द्धनको गुरु

जि.प्र.का. महोत्तरी द.नं. ४३/०७०/७१
जि. महोत्तरी हु.द.नं. ४/०८०/८१

www.jaleshwortoday.com

# जलेश्वर टुडे

एक कदम अगाडि

Jaleshwor Today National Daily

बर्ष १३ • अंक १४० • २०८२ फागुन २८ गते विहिवार • 12 Mar. 2026 • पृष्ठ ४ • मुल्य रु.५/-




# प्रत्यक्षतर्फबाट निर्वाचित हुने युवाको संख्यामा भारी वृद्धि

**जलेश्वरटुडे समाचारदाता**
**धनुषा, २७ फागुन**

जेनजी आन्दोलनको जगमा भएको प्रतिनिधि सभा निर्वाचनमा प्रत्यक्षतर्फबाट निर्वाचित हुने युवाको संख्यामा भारी वृद्धि भएको छ। मधेश प्रदेशमा दुई तिहाई युवा उम्मेदवार विजय भएका छन्। यी विजयी युवा उम्मेदवार मध्ये एकजना जेनजी उम्मेदवार हुन्। प्रदेशको ३२ निर्वाचन क्षेत्र मध्ये ४० वर्षमुनि उमेर समूहका १२ जना र ५० वर्ष मुनिका १२ जना उम्मेदवार विजयी भएका छन् भने ८ जना ५० वर्षमाथि उमेर समूहका छन्। प्रदेशका ३२ क्षेत्र मध्ये ३० वटामा राष्ट्रिय स्वतन्त्र पार्टीकै उम्मेदवार छन भने एक/एक जना कांग्रेस र नेकपाले जितेका छन।

नेकपाका उम्मेदवार मो. फिरदोस आलम युवा हुन् भने नेकपाका मातृका यादव ५० वर्षमाथिका हुन। २०७९ को निर्वाचनमा प्रत्यक्षतर्फबाट देशभरिबाट जम्मा १० जना मात्र युवा चुनिएका थिए। पछिल्लो चुनावको तुलनामा यस पटक युवा सांसदको संख्या सात गुणाले वृद्धि भएको हो। कांग्रेस र नेकपा बाहेक अन्य कुनै दलले उम्मेदवार जिताउन सकेका छैनन्। देशका धेरैजसो मतदाता पुरानै अनुहार दोहोरिरहने तर देशको स्थिति नसुध्रिने अवस्थाबाट दिक्क थिए।

त्यसैमाथि भदौ २३ गते जेनजीमाथि भएको आन्दोलन उनीहरूले बिर्सिएका थिएनन्। मतदाताले यस पटक वैकल्पिक शक्तिको रूपमा राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) लाई सत्ता सुम्पने मत दिएका छन्। त्यसो त भावी प्रधानमन्त्री बालेन शाह नै ३६ वर्षिय युवा हुन्। रास्वपाले शाहलाई चुनावअगाडि नै पार्टीबाट प्रधानमन्त्रीको रूपमा अगाडि सारेको थियो। युवा उम्मेदवारलाई प्रधानमन्त्रीको उम्मेदवारमा रास्वपाले अघि सारेको असर मधेशमा मात्र होइन देशैभरि परेको हो। जसको परिणामस्वरुप मधेशमा दुई तिहाई अर्थात २४ उम्मेदवार नै युवा विजयी भएका छन्। यसपटक प्रतिनिधिसभा सदस्य निर्वाचनमा ४० वर्षमुनिका युवाले उल्लेखनीय सफलता हात पारेका छन्। पुराना पुस्ताको बाक्लो उपस्थिति रहेको संसद्मा अब भने नयाँ पुस्ताको उपस्थिति बढी देखिनेछ। यस निर्वाचनको परिणामले नेपाली राजनीतिमा पुस्तान्तरणको बहसलाई नयाँ ऊर्जा दिएको छ। प्रदेशबाट विजयी हुने जेनजी उम्मेदवार हुन्। सिरहा १ बाट निर्वाचित २८ वर्षिय बब्लु गुप्ता उनी नेपाली कांग्रेसका दिग्गज नेता मध्येका रामसुन्दर चौधरीलाई भारी मतान्तरले पराजित गरेका हुन्। गुप्ताले ४१ हजार ३२२ मत ल्याएका छन् भने चौधरीले मात्र ९ हजार ७७४ मत ल्याएका छन्। ४० वर्ष मुनि उमेर समूहका विजयी रास्वपा उम्मेदवारहरुमा सर्लाही २ बाट ३८ वर्षिय रबिन महतो, बारा ४ बाट ३९ वर्षिय रहबर अन्सारी, सिरहा २ बाट ३० वर्षिय शिवशंकर यादव, सप्तरी १ बाट ३६ वर्षिय पुष्पा चौधरी, सप्तरी २ बाट ३० वर्षिय रामजी यादव, सिरहा ४ बाट ३३ वर्षिय तपेश्वर यादव, महोत्तरी १ बाट ४० वर्षिय प्रमोद महतो, महोत्तरी २ बाट ३४ वर्षिय दिपक कुमार साह, महोत्तरी ३ बाट ३३ वर्षिय उज्जवल कुमार झा, पर्सा २ बाट ३६ वर्षिय शुशिल कानु, रौतहट २ बाट कांग्रेसका डा. फिरदोस आलम छन्। सिरहा ४ का ३३ वर्षिय तपेश्वर यादवले राजकिशोर यादव, धर्मनाथ साह, विरेन्द्र प्रसाद महतो र अजयशंकर नायक जस्ता चार/चारजना दिग्गज नेता तथा पूर्वमन्त्रीलाई २८ हजार बढी मतान्तरले विजयी भएका हुन्। सप्तरी २ बाट विजयी भएका ३० वर्षिय रामजी यादव जसपा नेपालका अध्यक्ष उपेन्द्र यादव हुन्। उनले अध्यक्ष यादवलाई दोब्बर मतले पराजित गरेका छन्। तपेश्वरले २८ हजार ४०४ मत ल्याएको छ भने अध्यक्ष यादवले मात्र १४ हजार २६३ मत ल्याउन सकेका छन्।




# झाद्वारा निजी विद्यालयका पदाधिकारीहरूसँग भेटघाट

**जलेश्वरटुडे समाचारदाता**
**जनकपुरधाम, २७ फागुन**



धनुषा क्षेत्र नं. ३ का नवनिर्वाचित प्रतिनिधिसभा सदस्य मनिष झाले जनकपुरधाममा निजी विद्यालयसँग सम्बन्धित संस्थाका पदाधिकारीहरूसँग भेटघाट गर्दै शिक्षा क्षेत्र सुधारका विषयमा छलफल गरेका छन्।

भेटघाटका क्रममा विद्यालय क्षेत्रको वर्तमान अवस्था, शिक्षाको गुणस्तर अभिवृद्धि तथा विद्यार्थीमैत्री वातावरण निर्माणका विषयमा विस्तृत रूपमा विचार विमर्श गरिएको हो। छलफलमा निजी विद्यालयहरूले शिक्षा प्रणालीमा खेल्दै आएको भूमिका र त्यसलाई अझ प्रभावकारी बनाउने उपायबारे पनि कुराकानी भएको बताइएको छ।

सांसद झाले गुणस्तरीय शिक्षाका लागि सबै सरोकारवाला निकायबीच सहकार्य आवश्यक रहेको उल्लेख गर्दै विद्यालयहरूले विद्यार्थीको समग्र विकासमा केन्द्रित कार्यक्रम सञ्चालन गर्नुपर्नेमा जोड दिए।

# ट्राफिक प्रहरी कार्यालय धनुषाद्वारा विभिन्न सुधारका पहलहरू

**जलेश्वरटुडे समाचारदाता**
**धनुषा, २७ फागुन**



धनुषा जिल्लामा ट्राफिक व्यवस्थापनलाई व्यवस्थित र प्रभावकारी बनाउन जिल्ला ट्राफिक प्रहरी कार्यालय धनुषाले विभिन्न सुधारका पहलहरू अघि बढाएको छ। ट्राफिक प्रहरी प्रमुख प्रहरी निरीक्षक सुर्यबहादुर शाहीको नेतृत्वमा प्रविधिमैत्री तथा योजनाबद्ध ट्राफिक व्यवस्थापनमा जोड दिँदै जनकपुरधाममा नयाँ अभ्यासहरू लागू गर्न थालिएको हो।

ट्राफिक प्रहरीको पहलमा जिल्ला ट्राफिक प्रहरी कार्यालयको प्रवेशद्वारमा डिजिटल डिस्प्ले बोर्ड जडान गरिएको छ। साथै, जनकपुरधामका विभिन्न चोक तथा सडक क्षेत्रमा हालसम्म ४३ वटा सीसीटीभी क्यामेरा जडान गरिसकिएको छ। यी क्यामेराले सवारी आवागमनको निगरानी र ट्राफिक व्यवस्थापनलाई थप प्रभावकारी बनाउन सहयोग पुगेको ट्राफिक प्रहरीले जनाएको छ।

यसैबीच, रामानन्द चोकदेखि जनक चोकसम्मको सडकलाई 'वन वे' प्रणालीमा सञ्चालन गर्ने निर्णय सर्वपक्षीय सहमतिका आधारमा कार्यान्वयनमा ल्याइएको छ। उक्त निर्णयपछि विशेषगरी अस्पताल रोड क्षेत्रमा लामो समयदेखि देखिँदै आएको सवारी जामको समस्या कम हुँदै गएको स्थानीयवासीले बताएका छन्। त्यस्तै, बाबा पेट्रोल पम्प पुल नजिक बारम्बार सवारी दुर्घटना हुने स्थानलाई 'ब्ल्याक स्पट'का रूपमा पहिचान गरी दुर्घटना न्यूनीकरणका उपायहरू अपनाइएको छ। सडक विभागसँगको समन्वयमा सो क्षेत्रमा रम्बल स्ट्रिप, जेब्रा क्रसिङ र वाल ब्यारियर निर्माण गरिएको छ। साथै, नेपाल विद्युत प्राधिकरणसँग समन्वय गरेर दुर्घटनाको कारण बनेको बिजुलीको पोल हटाइएको ट्राफिक प्रहरीले जनाएको छ। यी सुधारपछि उक्त स्थानमा दुर्घटनाको संख्या शून्यमा झरेको दाबी गरिएको छ। प्रहरी निरीक्षक शाहीको योजना अनुसार रामानन्द चोकलाई नमुना चोकका रूपमा विकास गर्ने प्रक्रिया पनि सुरु गरिएको छ।






समाज, विकास, लोकतन्त्र र विधिको शासन प्रति समर्पित राष्ट्रिय दैनिक
www.jaleshwortoday.com
जलेश्वर टुडे
Jaleshwor Today National Daily
एक कदम अगाडि




# सुशासनको यात्रा अब सुरु गरौं

नेपालमा भ्रष्टाचारको समस्या निकै गहिरो रहेको देखिन्छ। सार्वजनिक पदको दुरुपयोग व्यापक रूपमा रहेको देखिन्छ। सबै व्यक्ति खराब छन् भन्न सकिँदैन, तर भ्रष्टाचारको समस्या निकै व्यापक रहेको देखिन्छ। यसले नातावाद र कृपावादलाई बढावा दिएको देखिन्छ। सार्वजनिक निर्णयमा जनसहभागिताको ठूलो अभाव रहेको छ। प्रशासनमा पारदर्शिताको ठूलो कमी देखिएका छन। निहित स्वार्थको द्वन्द्व यहाँ प्रमुख रहेको छ। सार्वजनिक खरिदमा धेरै अनियमितता हुने गर्दछ। देशको भविष्य युवाको हातमा सुरक्षित छ। प्रत्येक नागरिकले आफ्नो कर्तव्य पालना गरौं। असल चरित्र भएका व्यक्तिलाई नेतृत्व छानौं। पारदर्शिता नै लोकतन्त्रको मुख्य खम्बा हो। निर्णय प्रक्रियामा नागरिकको पहुँच पुऱ्याउनुपर्छ। विकासका योजनाहरू जनमुखी हुनुपर्छ। बजेटको सही सदुपयोग भएमात्र देश बन्छ। प्राविधिक पक्षमा कडाइका साथ अनुगमन गरौं। गुणस्तरहीन काम गर्नेलाई कडा सजाय दिऊँ। सूचनाको हकलाई पूर्ण रूपमा पालना गरौं। बिचौलियाको अन्त्य नै भ्रष्टाचारको समाधान हो, अब सुशासनको यात्रा सुरु गरौं। यो समग्र नागरिकको सपना पुरा गर्ने जिम्मेबारी अब नयाँ सरकारमाथि पर्ने देखिन्छ।

# गैरचिकित्सकबाट उपचार भइरहेको गम्भीर तथ्य फेला

**जलेश्वरटुडे समाचारदाता**
**सिरहा, २७ फागुन**



लहानस्थित विभिन्न डेन्टल क्लिनिकहरूमा नेपाल मेडिकल काउन्सिलले बुधबार आकस्मिक स्थलगत अनुगमन गर्दा गैरचिकित्सकबाट उपचार भइरहेको गम्भीर तथ्य फेला परेको छ। नेपाल मेडिकल काउन्सिलअन्तर्गतको व्यवसायिक आचरण तथा स्वास्थ्य समितिका संयोजक डा.अजयकुमार साहको नेतृत्वमा खटिएको टोलीले लहान-३ स्थित अस्पताल चोक क्षेत्रमा सञ्चालित केही डेन्टल क्लिनिकहरूको निरीक्षण गरेको हो।

अनुगमनका क्रममा हिमाल डेन्टल क्लिनिक, राधा कृष्ण डेन्टल क्लिनिक तथा वेस्ट राधा डेन्टल क्लिनिकमा सम्बन्धित विषयको योग्यता प्राप्त विशेषज्ञ चिकित्सक बिना नै उपचार सेवा सञ्चालन भइरहेको पाइएको काउन्सिलले जनाएको छ। ती क्लिनिकहरूमा केवल करिब साढे दुई वर्ष 'डेन्टल हाइजेनिष्ट' अध्ययन गरेका जनशक्तिको भरमा बिरामीको उपचार भइरहेको भेटिएको छ।

काउन्सिलका अनुसार केही सञ्चालकहरूले अन्य चिकित्सकको नाम बोर्डमा राखेरभित्र आफूखुसी उपचार गर्ने, चिकित्सकको कृत्य हस्ताक्षर गर्ने तथा प्रचलित स्वास्थ्य ऐन, नियमावली र मापदण्डविपरीत क्लिनिक सञ्चालन भइरहेको समेत पाइएको छ। अनुगमन टोली पुग्ने सूचना पाएपछि सगरमाथा डेन्टल क्लिनिकका सञ्चालक भने क्लिनिक बन्द गरेर फरार भएको थियो। अनुगमन टोलीका संयोजक डा. अजयकुमार साहले बिना योग्य चिकित्सक क्लिनिक सञ्चालन गर्नु गम्भीर कानुनी उल्लङ्घन भएको बताए। उनले भने, "योग्य चिकित्सक बिना डेन्टल क्लिनिक सञ्चालन गर्नु कानुनविपरीत मात्र होइन, यसले सर्वसाधारणको स्वास्थ्य र ज्यानमाथि प्रत्यक्ष जोखिम निम्त्याउँछ।

# गाडिएको अवस्थामा मोटरसाइकल फेला



**जलेश्वरटुडे समाचारदाता**
**महोत्तरी, २७ फागुन**

महोत्तरी जिल्लाको सोनमा गाउँपालिका-६ स्थित मगरथानामा जमिनमा गाडिएको अवस्थामा एउटा मोटरसाइकल फेला परेको छ। स्थानीयवासीले शंकास्पद अवस्थामा जमिनमा गाडिएको मोटरसाइकल देखेपछि प्रहरीलाई जानकारी गराएका थिए। त्यसपछि पुगेको प्रहरी टोलीले जमिनबाट मोटरसाइकल निकालेर नियन्त्रणमा लिएको हो।

फेला परेको मोटरसाइकल नेपाली नम्बर ज ८ प ९९७ को सुपर स्प्लेण्डर रहेको प्रहरीले जनाएको छ। उक्त मोटरसाइकल हाल प्रहरी चौकी मगरथानामा राखिएको छ। प्रहरीका अनुसार मोटरसाइकल कसले र किन जमिनमा गाडेको भन्ने विषयमा अनुसन्धान सुरु गरिएको छ। घटनाबारे विस्तृत अनुसन्धान भइरहेको र मोटरसाइकलको वास्तविक मालिक एवम् घटनाको कारण पत्ता लगाउने प्रयास भइरहेको प्रहरी चौकी मगरथानाले जनाएको छ। प्रहरीले मोटरसाइकलसँग सम्बन्धित व्यक्तिको खोजी गर्दै घटनाको थप अनुसन्धान अघि बढाएको जनाएको छ।

## डेंगु ज्वरोको संक्रमणबाट बच्ने उपायहरु



डेंगुबाट बच्नका लागि मुख्यतया लामखुट्टेको टोकाईबाट बच्नुपर्दछ।
यसका लागि लामखुट्टेको नियन्त्रण नै उतम उपाय हो।
लामखुट्टे नियन्त्रण गर्न निम्न उपायहरु अपनाऔं

## डेंगी रोग बाट कसरी बच्ने ?

- ☑ पुरा बाहुला भएको लुगा लगाउने
- ☑ झुल भित्र मात्र सुत्ने
- ☑ घरको झ्याल ढोकामा लामखुट्टे नछिर्ने जाली हाल्ने
- ☑ घर, कार्यालय, विद्यालय वा सार्वजनिक क्षेत्रमा पानी जम्न नदिने
- ☑ खाल्डाखुल्डी पुर्ने र खानेपानी वा ढल चुहिएको छ भने तत्काल मर्मत गर्ने
- ☑ घर वरिपरी पानी जम्ने ठाउँ जस्तै पोखरी, पानीको नाली,ढलमा हप्ताको २ दिन डढेको मोबिल वा मट्टितेल छर्कने गमलाको प्लेट, फूल दानी, कुलर आदिको पानी कम्तीमा हप्ताको एक पटक फेर्ने
- ☑ पानी जम्मा गर्ने भाँडालाई लामखुट्टे छिर्न नसक्ने गरी छोप्ने
- ☑ साझ र विहान करेशाबारीमा जाँदा, घर बाहिर टहलिँदा, वा पार्कमा जाँदा, बालबालिकालाई लैजाँदा लामखुट्टेले नटोकोस् भनेर विशेष सावधानी अपनाउने

अनुरोधकर्ता
सम्सी गाउँपालिकाको कार्यालय
महोत्तरी, मधेश प्रदेश

## तपाईको टुडे

मेष: पढाईमा ध्यान दिनुपर्ने
वृष: खानपानमा समस्या आउने
मिथून: अनावश्यक चिन्ता
कर्कट: आम्दानी हुने
सिंह: मित्रतामा फाटो आउने
कन्या: अशुभ समाचार प्राप्त हुने
तुला: अनावश्यक खर्चको संभावना
वृश्चिक: लामो यात्राको योग छ
धनु: विचार गरेर बोल्नुहोला
मकर: पिछडेको साथी मिल्ने
कूम्भ: मनमा पछुतो आउने
मीन: शुभ कार्यको शुरुवात

## मधेश प्रदेशको गौरव


श्री सत्यनारायण भगवानको दर्शन गरौं,मनबाञ्छित फल पाऔं।



आरती : विहान : ९ र राति ८ बजे
ठेगाना : शरञ्चियाँ कुट्टि र कलबार कुट्टिको विचमा,पु.:९८२७८१४५८८

श्री देवअंशी लहेरी समाज, जनकपुरधाम–४,धनुषा

## आवश्यक टेलिफोन नम्बरहरु




### जलेश्वर

| | |
|---|---|
| नेपाल पत्रकार महासंघ महोत्तरी | ५२०५१५ |
| जलेश्वरअस्पताल एम्बुलेन्स | ९७४४००२५२७ |
| नेपाल रेडक्रस सोसाइटी एम्बुलेन्स | ५२०१००, |
| सामुदायिक विकास परि.एम्बुलेन्स | ५२१००५, |
| RCDSC एम्बुलेन्स | ५२०२९८, |
| दसहारा एम्बुलेन्स | ५२०६७७, ९८४४२६०००० |
| बर्दिबास अस्पताल एम्बुलेन्स | ५५००९०, |
| बर्दिवास सेवा समिति एम्बुलेन्स | ५५०५८६, |
| रामगोपालपुर एम्बुलेन्स | ६९०५९३ |
| जिल्ला प्रहरी | ५२०००९ |
| विद्युत | ५२०१६६ |
| वारुण यन्त्र | ५२००९७ |
| जिल्ला प्रशासन | ५२००५५ |

आवश्यक नम्वरहरुको लागि सम्पर्क गरौं १९७

### जनकपुर

| | |
|---|---|
| प्रहरी धनुषा | 520099, 100 |
| सुरक्षा गुल्म जनकपुर बैरेक | 0186,526586 |
| सशस्त्र प्रहरी मुजेलिया | 527213, 527800 |
| मुजेलिया प्रहरी चौकी | 520750 |
| ट्राफिक कार्यालय जिरोमाईल | 520366 |
| एम्बुलेन्स पब्लिक वेल फेयर | 9854022474 |
| एम्बुलेन्स रेडक्रस | 102 |
| एम्बुलेन्स (सरोज फाउन्डेशन) | 522806 |
| महाबीर एम्बुलेन्स | 525980 |
| एम्बुलेन्स मेडिकल कलेज | 526091 |
| एम्बुलेन्स केयर मेडिकल सेन्टर | 523864 |
| बरुण यन्त्र जनपा | 520011 |
| जिल्ला जनस्वास्थ्य कार्यालय | 526271 |
| जनकपुर अंचल अस्पताल | 520033 |
| केयर मेडिकल सेन्टर | 523864 |
| धनुषा तथा अस्पताल तथा अनुसन्धान केन्द्र प्रा.लि. | 525800 |
| जानकी हेल्थ केयर एण्ड रिसर्च सेन्टर | 525342 |

## जलेश्वरनाथ मन्दिर पुजाआजा

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | ०५:०० बजे |
| विहान पुजा आरती | ०५:३० बजे |
| विहान ढोका बन्द | १२:०० बजे |
| दिउँसो ढोका खुल्ने समय | ०४:०० बजे |
| सन्ध्या पूजा आरती साँझ | ०६:३० बजे |
| राति ढोका बन्द हुने समय | १२ बजे |

(हरेक हप्ताको मंगलबार र शनिबार मन्दिर प्राङ्गणमा दिउँसो भजन किर्त्तन सहित हनुमान आराधना )

## जानकी मन्दिर पुजाआजा




| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | ०५:०० बजे |
| विहान पुजा आरती | ०७:३० बजे |
| विहान ढोका बन्द | १२:०० बजे |
| अन्न क्षेत्र | निःशुल्क भोजन |
| दिउँसो ढोका खुल्ने समय | ०४:०० बजे |
| सन्ध्या पूजा आरती साँझ | ०७:३० बजे |

# अमेरिकी क्षेप्यास्त्र रक्षा प्रणाली मध्यपूर्वतर्फ मोडिएपछि सियोलमा चिन्ता, उत्तर कोरियाको जोखिम कसरी टर्ला ?

**जलेश्वरटुडे समाचारदाता**
**काठमाण्डौं, २७ फागुन**



मध्यपूर्वमा बढ्दो युद्ध र तनावका बीच अमेरिकाले दक्षिण कोरियामा तैनाथ आफ्ना केही अत्याधुनिक सैन्य उपकरणहरू त्यहाँ सार्ने तयारी गरेपछि दक्षिण कोरियाको सुरक्षाबारे बहस सुरु भएको छ ।

अमेरिकी रक्षा प्रणालीको एउटा हिस्सा स्थानान्तरण हुन लागे पनि दक्षिण कोरियाले आफ्नो सुरक्षा व्यवस्था र उत्तर कोरियाविरुद्धको प्रतिरोधी क्षमतामा कुनै कमी नआउने दाबी गरेको छ। अमेरिकी पत्रिका द वासिङ्टन पोस्टले अमेरिकी अधिकारीहरूलाई उद्धृत गर्दै 'टर्मिनल हाई अल्टिच्युड एरिया डिफेन्स' (थाड) प्रणालीका केही अंश दक्षिण कोरियाबाट मध्यपूर्वतर्फ सार्न लागिएको खबर सार्वजनिक गरेपछि यसले तरङ्ग पैदा गरेको हो । विशेषगरी इरानसँगको बढ्दो तनावलाई ध्यानमा राख्दै अमेरिकाले यो कदम चाल्न लागेको अनुमान गरिएको छ । दक्षिण कोरियाको रक्षा मन्त्रालयले बुधवार एक विज्ञप्ति जारी गर्दै केही सैन्य सम्पत्ति पुनःतैनाथ भए पनि उत्तर कोरियाको सम्भावित आणविक तथा ब्यालेस्टिक मिसाइल आक्रमणलाई रोक्ने क्षमतामा कुनै ह्रास नआउने स्पष्ट पारेको छ ।

मन्त्रालयले एएफपीलाई दिएको जानकारी अनुसार संयुक्त राज्य सेनाको कोरियास्थित बल (युएसएफके) सँग अझै पनि पर्याप्त सैन्य सामर्थ्य रहेकाले जोखिम नियन्त्रण गर्न सकिने विश्वास व्यक्त गरेको छ ।

# अल्लू अर्जुनको जन्मदिनमा शाहरुख खानले दिने फ्यानलाई ठूलो सरप्राइज

**जलेश्वरटुडे समाचारदाता**
**काठमाण्डौं, २७ फागुन**



दक्षिण भारतीय सुपरस्टार अल्लू अर्जुनका फ्यानहरूका लागि खुसीको खबर बाहिर आएको छ । अभिनेताको आगामी बहुप्रतिक्षित फिल्म 'ब्व२२हब्६'को औपचारिक टाइटल र टिजर सार्वजनिक गरिनेछ ।

आगामी ८ अप्रिलमा पर्ने अल्लू अर्जुनको जन्मदिनलाई खास बनाउन निर्माण पक्षले ठूलो तयारी गरेको छ। विशेष कुरा त के छ भने, यो फिल्मको टाइटल र टिजर बलिउडका 'किङ खान' अर्थात् शाहरुख खानले सार्वजनिक गर्ने भएका छन् । फिल्मका निर्देशक एटली हुन् । एटली यसअघि शाहरुख खानको ब्लकबस्टर फिल्म 'जवान' निर्देशन गरेका थिए । सोही सम्बन्धका कारण शाहरुख यो विशेष इभेन्टको हिस्सा बन्न लागेका हुन् ।

बलिउड मिडियाका अनुसार निर्माण पक्षले अल्लू अर्जुनको जन्मदिनमा फिल्मको नाम घोषणा गर्दै फ्यानहरूलाई विशेष उपहार दिनेछ। टाइटल र टिजर सार्वजनिक गर्नका लागि एउटा भव्य कार्यक्रमको आयोजना गरिनेछ। जस मार्फत दर्शकलाई फिल्मको कथा र यसको भव्यताको झलक दिनेछ। फिल्ममा अभिनेत्री दीपिका पादुकोण, मृणाल ठाकुर, रश्मिका मन्दाना र जान्हवी कपुरको पनि अपभनय रहनेछ ।

निर्देशक एटलीले यस फिल्ममा एउटा भिन्न र रोचक कथा पस्कने तयारी गरेका छन्, जसमा भरपुर एक्सन र मनोरञ्जन समावेश हुनेछ ।

# सकियो समानुपातिकको सबै मतगणना, कसलाई कति खस्यो मत ?

**जलेश्वरटुडे समाचारदाता**
**काठमाण्डौं, २७ फागुन**



प्रतिनिधिसभा सदस्य निर्वाचन अन्तर्गत समानुपातिक तर्फको मतगणना पनि सकिएको छ । अन्तिम मतगणना भएको इलाम क्षेत्र नम्बर १ को समानुपातिक तर्फको मतपरिणाम सार्वजनिक भएसँगै मतगणना सकिएको निर्वाचन आयोगका सूचना अधिकारी सुमन घिमिरेले जानकारी दिए ।

उनले अन्तिम गणना भएको इलाम १ को गणना सकिएको र सबै मतगणना पूरा भएको जानकारी दिए । जसअनुसार १ करोड ७ लाख ६९ हजार ५४३ सदर मत गणना गरिएको छ । फागुन २१ को निर्वाचनबाट चार वर्षअघि गठित राष्ट्रिय स्वतन्त्र पार्टी रास्वपाले अहिलेसम्मकै नेपालका निर्वाचनको इतिहासकै उच्च मतसहित शीर्ष स्थानमा रहेको छ । यसअघिको निर्वाचनको पहिलो दल नेपाली कांग्रेस दोस्रो, नेकपा एमाले तेस्रो, नेपाली कम्युनिष्ट पार्टी चौथो स्थानमा रहेको छ । जेन-जी आन्दोलनपछि बनेको श्रम संस्कृति पार्टी छोटो अवधिमै पाँचौं स्थानमा रहेर राष्ट्रिय दल बन्न सफल भएको छ। त्यस्तै राष्ट्रिय प्रजातन्त्र पार्टी राप्रपा भने छैटौं स्थानमा झरेको छ । जनता समाजवादी पार्टी जसपा भने सुरक्षित भएन । त्यस्तै पहिलो पटक सहभागी राष्ट्रिय परिवर्तन पार्टी पनि सुरक्षित हुन सकेन । १ करोड ७ लाख ६९ हजार ५४३ मतमध्ये रास्वपाले ५१ लाख ४८ हजार २१७ मत प्राप्त गरेको छ ।

# कप्तान अरुणाको सम्मानार्थ म्याग्दीमा स्तम्भ

**जलेश्वरटुडे समाचारदाता**
**काठमाण्डौं, २७ फागुन**



राष्ट्रिय महिला भलिबल टोलीकी कप्तान अरुणा शाहीको सम्मानार्थ गृहजिल्ला म्याग्दीमा उनको स्तम्भ बनाइएको छ । जिल्ला खेलकुद विकास समितिले अरुणाको सम्मान स्वरुप उनको स्तम्भ बनाएको हो ।

खेलकुद विकास समितिका अध्यक्ष सुमन श्रेष्ठले अरुणाले देशप्रति दिएको योगदानको सम्मानका साथ स्तम्भ बनाइएको बताए। अरुणा खेलबाट पनि भविष्य बनाउन सकिन्छ भन्ने प्रेरणा बनेको अध्यक्ष श्रेष्ठले उल्लेख गरे। 'अहिलेलाई अनावरण मात्र गरिएको र पर्यटकको आकर्षण बढाउने गरी उपयुक्त स्थानमा राखिने छ' श्रेष्ठले भने। कप्तान अरुणाले स्तम्भ बनाइएको प्रति खुसी व्यक्त गरिन् ।

उनले यो सम्मानले आउने पुस्तालाई खेल क्षेत्रमा लाग्न प्रेरणा दिने विश्वास गरिन् । रघुगंगा गाउँपालिका-३, पिप्लेमा जन्मिएकी शाहीले सन् २०१३ देखि भलिबलमा नेपालको प्रतिनिधित्व गर्दै आएकी छन् । उनले सन् २०१९ बाट नेपालको नेतृत्वसमेत गर्दै आएकी छन् । शाहीकै कप्तानीमा नेपालले वुमन्स सेन्ट्रल जोनको उपाधि, दक्षिण एसियाली खेलकुदमा ऐतिहासिक रजत पदक, काभा वुमन्स भलिबल नेसन्स लिगमा रजत पदक र काभा वुमन्स भलिबल च्यालेन्ज कपमा कांस्य पदक हात पारेको थियो ।






# रास्वपा ! प्रशंसा मात्रै होइन, प्रश्न पनि गर्नेछौं

-निर्वाचनमा रास्वपाले पाएको बहुमत केवल एउटा दलको जित मात्र होइन, यो दशकौंदेखिको परम्परागत राजनीतिक ‘सिन्डिकेट’ विरुद्ध नेपाली जनताले गरेको ‘विद्रोह’ हो । मजस्ता जेन-जीका लागि यो एउटा यस्तो पल हो, जहाँ हामीले पहिलो पटक ‘सम्भव छ’ भन्ने महसुस गरेका छौं । तर यो जितसँगै अबका चुनौती र हाम्रो खबरदारी झनै बढेको छ ।

हामीले सानैदेखि सुन्दै आएका ‘ठूला’ भनिएका दलहरूका ठूला कुरा र साना कामले वाक्क भएरै जनताले विकल्प रोजेका हुन् । यो बहुमत कुनै व्यक्ति वा दलप्रतिको अन्धभक्तता होइन, बरु यो त काम नगर्ने पुराना शक्तिप्रतिको चरम वितृष्णा र नयाँसँगको ठूलो आशा हो । रास्वपाको यो जितले स्पष्ट पारेको छ कि अब नेपाली जनतालाई आश्वासनको पोको होइन, परिणामको प्रमाण चाहिएको छ । बहुमत पाउनु जति उत्साहजनक छ, त्यसलाई टिकाउनु र जनताको विश्वास जित्नु त्यति नै चुनौतीपूर्ण छ । अब ‘हामीलाई काम गर्न दिइएन’ वा ‘गठबन्धनले रोक्यो’ भन्ने बहाना बनाउने ठाउँ बाँकी छैन । जनताले पूर्ण ‘म्यान्डेट’ दिएका छन् । अबको नेपाल कस्तो हुने ? के अब भ्रष्टाचारका फाइलहरू साँच्चै खोलिनेछन् ? के अब सरकारी कार्यालयमा जाँदा ‘सोर्स-फोर्स’ बिना काम हुनेछ ? के अब नेपालमै बसेर केही गर्छु भन्ने युवाका लागि राज्यले वातावरण बनाउनेछ ? यी प्रश्नहरूको उत्तर अबको पाँच वर्षमा व्यवहारमै देखिनुपर्छ । धन्यवाद, ‘म्याडम प्राइममिनिस्टर !’ कुसुम थापा हाम्रो पुस्तालाई अब गफ होइन, प्रविधि र पारदर्शिता चाहिएको छ । हामी यस्तो नेपाल चाहन्छौं, जहाँ- १. शिक्षा र सीप : केवल ‘सर्टिफिकेट’ बाँड्ने विश्वविद्यालय होइन, बजारले खोज्ने सीप सिकाउने शैक्षिक केन्द्रहरू होऊन् । २. उद्यमशीलता : एउटा नयाँ ‘स्टार्टअप’ खोल्न चाहने युवाले सरकारी प्रक्रियाको झन्झटमा आफ्नो सपना मार्नु नपरोस् ।

३. पारदर्शिता : राज्यका हरेक निर्णय र बजेटको खर्च डिजिटल माध्यमबाट आम नागरिकले हेर्न सकून् । ४. ‘मेरिटोक्रेसी’ : पहुँच भएकाको होइन, क्षमता भएकाको कदर होस् । इतिहास साक्षी छ, जब-जब कुनै दलले स्पष्ट बहुमत पायो, उसमा शक्तिको उन्माद देखियो । रास्वपाका नवनिर्वाचित प्रतिनिधिहरूलाई मेरो स्पष्ट आग्रह छ । यो बहुमतलाई अहंकारका रूपमा होइन, गम्भीर जिम्मेवारीका रूपमा लिनुहोस् । हामी त्यो पुस्ता हौं, जसले देशमा राजतन्त्र ढलेको देख्यौं, संविधान बनेको देख्यौं र ठूला भनिएका आन्दोलनहरूका साक्षी बस्यौं । तर, व्यवस्था फेरिए पनि अवस्था कहिल्यै फेरिएन । हाम्रा अग्रजहरूले ‘बलिदान’ को राजनीति गरे, तर हामी अब ‘विकास’ को राजनीति चाहन्छौं । हिजोका दलहरूले जेल बसेको र संघर्ष गरेको इतिहास बेचेर आजको पुस्ताको भविष्यमाथि खेलबाड गरिरहे । रास्वपाको यो बहुमतले ‘इतिहासका व्यापारी’ हरूलाई एउटा कडा सन्देश दिएको छ । अब इतिहासको ब्याज खाएर राजनीति चल्दैन, भविष्यको लगानी गरेर मात्र राजनीति सम्भव छ । हामी ‘जेन-जी’ का युवाहरूलाई पुराना दलका लामा भाषण र सैद्धान्तिक बहससँग कुनै सरोकार छैन । हामीलाई सरोकार छ त केवल ‘डेलिभरी’ सँग । हामी चाहन्छौं कि राहदानी बनाउन लाइन लाग्नु नपरोस्, बिरामी हुँदा अस्पतालमा बेड नपाएर मर्नु नपरोस् र एउटा सानो कामका लागि पनि नेताको चाकरी गर्न नपरोस् । रास्वपाले पाएको यो मत ‘परिवर्तनको चेक’ हो, जसलाई अब सुशासनको बैंकबाट भुक्तानी पाउनुपर्छ । नेपालको विकासलाई रोक्ने सबैभन्दा ठूलो अवरोध भनेको नीतिगत भ्रष्टाचार र



कर्मचारीतन्त्रमा व्याप्त ढिलासुस्ती हो । नयाँ सरकारका लागि यो सबैभन्दा ठूलो अग्निपरीक्षा हो । जनताले अब ‘हामी कोसिस गर्दैछौं’ भन्ने जवाफ सुन्न चाहँदैनन् । हामी हेर्न चाहन्छौं कि वर्षौंदेखि थन्किएका ठूला भ्रष्टाचारका काण्डहरू कसरी निष्कर्षमा पुग्छन् । जबसम्म राज्यको संयन्त्रमा ‘डिजिटाइजेसन’ पूर्ण रूपमा लागू हुँदैन, तबसम्म भ्रष्टाचारको जरै उखेल्न असम्भव छ । रास्वपाले आफ्नो चुनावी एजेन्डामा भनेझैं, अब हरेक सरकारी प्रक्रिया अनलाइन हुनुपर्छ । फाइल ओसार्ने जमानाको अन्त्य हुनुपर्छ र प्रविधिको प्रयोगबाट बिचौलियाहरूको राज समाप्त हुनुपर्छ । आजको सबैभन्दा दु:खद यथार्थ भनेको त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलमा देखिने युवाहरूको लाम हो । नेपालका गाउँहरू रित्तिएका छन्, सहरहरूमा केवल वृद्धवृद्धाहरू बाँकी छन् । हाम्रो पुस्ताले नेपालमा भविष्य नदेखेरै खाडी र पश्चिमा देशहरूको बाटो रोजेको हो । अबको नयाँ सरकारको सफलताको मापन आर्थिक सूचकांकले मात्र होइन, ‘विमानस्थलमा फर्किने नेपालीहरूको संख्या’ ले गरिनेछ । हामीले चाहेको नेपाल यस्तो हो, जहाँ एउटा युवाले आफ्नो आइडिया लिएर सरकारी कार्यालय जाँदा उसलाई ‘अनुदान’ होइन, ‘वातावरण’ दिइयोस् । कृषिमा क्रान्ति केवल नारामा होइन, मल, बीउ र बजारको सुनिश्चिततामा देखियोस् । सूचना प्रविधिको यो युगमा नेपाललाई ‘ग्लोबल टेक हब’ बनाउने सम्भावना छ, तर त्यसका लागि राज्यको दृष्टिकोणमा स्पष्टता आवश्यक छ । जित्नु मात्र ठूलो कुरा होइन, जितेर जनताको जीवन बदल्नु ठूलो कुरा हो । रास्वपाका नवनिर्वाचित प्रतिनिधिहरूलाई मेरो आग्रह छ, यो बहुमतलाई अहंकारका रूपमा होइन, जिम्मेवारीका रूपमा लिनुहोस् ।

**सांभार : कान्तिपुर ।**















प्रकाशक तथा सम्पादक : पवन कुमार साह, सह-सम्पादक : सोनी साह, मुद्रक : जय दुर्गा अफसेट प्रेस, जनकपुरधाम
प्र.कार्यालय : जलेश्वर -४, सुगा भवानीपट्टि, सम्पर्क कार्यालय : जनकपुरधाम–४ (मुरलीचौक), विज्ञापनको लागि सम्पर्क :९८४४०२७९७१/९८२४८७७६२७
Email:jaleshwortoday@gmail.com,web: www.jaleshwortoday.com, www.facebook.com/JaleshworToday,twitter.com/JaleshworToday